# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका का.मु. सचिव श्री पुरूषोत्तम भट्टराई सातौं एशियाली मानव स्रोत व्यवस्था सम्बन्धी मौरिससको पोर्टलुइमा हुने सम्मेलनमा अध्यक्षता गर्न तथा लण्डनमा हुने हवाई सम्झौताको सिलसिलामा त्यस तर्फ जानु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री लक्ष्मण प्रसाद उपाध्यायलाई मिति २०५०।८।२ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

अर्थ मन्त्रालयका सचिव श्री ठाकुरनाथ पन्त एशियाली विकास बैंकबाट आयोजित Think Tank in Economic Development कार्यक्रममा भाग लिन जानु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री विश्वनाथ सापकोटालाई मिति २०५०।८।१ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०५०।४।११ को निर्णयानुसार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सह-सचिव (नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी) श्री लक्ष्मणप्रसाद उपाध्यायलाई निजामती सेवा ऐन, २०४९ को दफा ३३ को

३६८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।